# फाल्गुनन्द राजपत्र

## फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

| *खण्डः ७* | *संख्याः ३* | *मितिः २०८१/०३/११* |
|---|---|---|


### भाग-१

### फाल्गुनन्द गाउँपालिका, फाक्तेप, पाँचथर

*गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

### फाल्गुनन्द गाउँपालिका विनियोजन ऐन, २०८१

**फाल्गुनन्द गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियोजनको नाम “फाल्गुनन्द गाउँपालिका विनियोजन ऐन, २०८१” रहेको छ ।

२. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची- १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु ५२,५३,१९,०००।- (अक्षेरुपी बाउन्न करोड त्रिपन्न लाख उन्नाइस हजार चार सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस विनियोजनद्वारा सञ्चितकोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि फाल्गुनन्द गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । चालु खर्च शिर्षकबाट पूँजीगत खर्च शिर्षकमा रकमान्तर गर्न सकिनेछ भने पूँजिगत खर्च अन्य चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) संचित कोषबाट विनियोजन हुने रकम **अनुसूची-१** वमोजिम हुनेछ । संचित कोषमा जम्मा हुने रकमको श्रोत र रकम अनुमान अनुसूची २ वमोजिम हुनेछ ।

## अनुसूची-१

## (दफा २ सँग सम्बन्धित)

## संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १. | गाउँ कार्यपालिका | | | १८,४२,८०,००० |
| २. | वडा विकास कार्यक्रम | | | २,६५,००,००० |
| ३. | शशर्त अनुदान नेपाल सरकार | २४,५१,००,००० | ३,५८,००,००० | २८,०९,००,००० |
| ४. | शशर्त अनुदान प्रदेश सरकार | १२,५६,००० | १,४९,८३,००० | १,६२,३९,००० |
| ५. | विशेष अनुदान नेपाल सरकार | ० | ७५,००,००० | ७५,००,००० |
| ६. | समपुरक अनुदान प्रदेश सरकार | ० | ९९,००,००० | ९९,००,००० |
| | **जम्मा** | **२४,६३,५६,०००** | **२७,८९,६३,०००** | **५२,५३,१९,०००** |

## अनुसूची -२

**(दफा २ सँग सम्बन्धित)**

**संचित कोषमा आम्दानीको श्रोत**

| क्र सं | आम्दानीको श्रोत | रकम |
|---|---|---|
| १. | समानीकरण अनुदान नेपाल सरकार | ९,९२,००,००० |
| २. | राजश्व बाँडफाँड नेपाल सरकार | ९,११,००,००० |
| ३. | समानीकरण अनुदान प्रदेश सरकार | ६०,३०,००० |
| ४. | राजश्व बाँडफाँड प्रदेश सरकार | ३४,५०,००० |
| ५. | आन्तरिक राजस्व | ६०,००,००० |
| ६. | जनसहभागीता | ० |
| ७. | चालु आ व को अ ल्या | ५०,००,००० |
| | **जम्मा** | २१०,७८०,००० |
| ८. | शशर्त अनुदान नेपाल सरकार | २८०९००००० |
| ९. | शशर्त अनुदान प्रदेश सरकार | १६२३९००० |
| १०. | समपुरक अनुदान प्रदेश सरकार | ९९००००० |
| ११. | विशेष अनुदान नेपाल सरकार | ७५००००० |
| १२. | **जम्मा** | ३१,४५,३९,००० |
| | **कुल जम्मा** | **५२,५३,१९,०००** |

आज्ञाले

निर्मल तुम्रोक

(प्रमुख प्रशासकीय अधिकृत)